# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་ཆོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

प.सं. २०७५/७६
च.नं.

सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल

मिति : २०७५-०६-०५

### प्रेष-बिज्ञप्ति

मिति २०७५-०६-०५ गते यस सोलुदुधकुण्ड नगरपालिकाको नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पा ज्यूको अध्यक्षतामा फोहरमैला व्यवस्थापन समितिको नयाँ मनोनित पदाधिकारी ज्यूहरूको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

निर्णयहरु:

१. नगरपालिकाको सबै क्षेत्र अनुकूल हुने गरी टोलसुधार समिति गठन गरी सोको जानकारी नगरपालिकामा पठाउनं सबै वडा कार्यालयहरुलाई निर्देशन दिने ।

२. हालसम्म गठन भएका टोलसुधार समिति, आमा समूह, बाल क्लबका पदाधिकारीहरुसँग फोहरमैला व्यवस्थापन सम्बन्धमा अन्तरक्रिया गर्ने ।

३. फोहरमैला व्यवस्थापन बोर्डका पदाधिकारी तथा टोलसुधार समितिका पदाधिकारीहरुलाई फोहरमैला व्यवस्थापनमा सफल भएका नगरहरुको अभ्यासको स्थलगत अवलोकन गर्न अध्ययन तथा अवलोकन भ्रमण आयोजना गर्ने ।

४. जनवरी १, २०१९ बाट लागू हुने गरी सोलुदुधकुण्ड नगरपालिका क्षेत्रमा प्लाष्टिक झोला र वियर (शिशा) को प्रतिवन्ध गर्ने ।

५. नगरक्षेत्रका प्रमुख स्थलहरुमा फोहोरमैला व्यवस्थापन सम्बन्धि सूचनापार्टीहरु र डस्टविनहरु राख्ने ।

६. फोहरमैला व्यवस्थापन शुल्क लगाउन सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने ।

७. अव्यवस्थित रुपमा सार्वजनिक स्थल र सडकमा रहेका निर्माण सामाग्रीहरु हटाई सफा, सुग्घर राख्न सम्बन्धित वडाहरुलाई निर्देशन दिने ।

.............................
रमिला भण्डारी
प्रशासकीय अधिकृत
सोलुदुधकुण्ड नगरपालिका